**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# दार्चुलेली भाषाका सामाजिक भेदहरूको अध्ययन

बासुदेव विष्ट
कैलाली बहुमुखी क्याम्पस, धनगढी
दर्शनाचार्य शोधार्थी, नेपाल संस्कृत विश्वविद्यालय
Email: bashubist783@gmail.com

**Article History: Received:** 12 August 2021; **Revised:** 03 December 2021; **Accepted:** 04 December 2021

## लेखसार

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाको माध्यमबाट सबै व्यक्तिहरू एकआपसमा जोडिएका हुन्छन् । भाषाले सामाजिक मूल्य मान्यताका साथै सामाजिक संस्कारलाई बोकेको हुन्छ । भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७७) अनुसार नेपालमा हाल १३१ ओटा भाषाहरू बोलिन्छन् । यी भाषाहरू मध्ये दार्चुलेली भाषा दार्चुला जिल्ला र सुदूरपश्चिम प्रदेशको भू-भागका साथै काठमाडौँसम्म प्रयोग व्यबहारमा आउने जनसम्पर्कको भाषा हो । प्रस्तुत लेखको उद्देश्य दार्चुलेली भाषाका सामाजिक भेदहरूको उल्लेख गर्नु रहेको छ । माथिको उद्देश्य पूरा गर्नका लागि गुणात्मक अनुसन्धान विधि अन्तर्गत अवस्था अध्ययन ढाँचाको प्रयोग गरी सामाजिक भाषिक भेदको सिद्धान्तअनुसार दार्चुलेली भाषाको सामाजिक भाषिक भेद पहिचान गरी नेपाली भाषामा अर्थ प्रस्तुत गरिएको छ । यस लेखका लागि दार्चुलेली मातृभाषी वक्ताबाट प्राथमिक सामग्री सङ्कलन गरी सामाजिक तथा भाषाविज्ञानका सैद्धान्तिक पुस्तकहरू, जर्नल, प्रतिवेदनलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । उल्लिखित सन्दर्भ अनुसार यस अध्ययनमा समाजका विभिन्न वर्ग, जात, जाति, व्यवसाय, लिङ्ग, शिक्षा, बसोबासको स्थिति आदिका आधारमा सामाजिक भाषिक भेद रहेको पाइन्छ । दार्चुलेली भाषाको वर्गीय भेदमा ठुला मानिएका जातिले काका, इजा, दाइ, चेली भनी प्रयोग गरेको पाइन्छ भने तल्लो मानिएका जातिले क्रमशः का, ज्या, दादा, परघरी भनेर भाषिक व्यबहार गरेको पाइन्छ । दार्चुलेली भाषामा तल्लो र माथिल्लो नाताबिचको सम्बन्धगत भाषिक व्यवहारमा सानाले ओ दा, ओ दी र ठुलाले सानालाई ए बुना, ए बुनी भनेर सम्बोधन गरेको पाइन्छ । दार्चुलेली भाषामा सामाजिक भाषिक भेद रहेको पाइन्छ । यस लेखबाट सामाजिक भाषिक विषयमा अनुसन्धान गर्ने अनुसन्धाता, विद्यार्थी, शिक्षक, स्थानीय पाठ्यक्रम निर्माता आदि लाभान्वित हुने आशा गरिएको छ ।

***मुख्य शब्दावली*** : समतलीय, स्वरूप, अपभ्रंश, सम्पादन, स्वशासित

*Copyright 2021 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

## परिचय

दार्चुला जिल्लाको नामबाट दार्चुलेली भाषाको नाम रहन गएको छ । दार्चुला जिल्लाको नामाकरणका विषयमा विद्वानहरूका विभिन्न विचारहरू रहेका छन् । दार्चुला नेपालको सुदूरपश्चिम प्रदेशको महाकाली अञ्चलका चार जिल्लामध्येको भारत र चीनसँग सिमाना जोडिएको जिल्ला हो । 'दार्चुला' शब्द उच्चारण गर्दा 'दारचुला' भए पनि स्थानीय भाषाका दुई वटा शब्द 'धार' र 'चुला' बाट विकसित भएको हो । स्थानीय भाषामा धारको अर्थ अग्लो पहाडको 'चुचुरो' र चुलाको अर्थ 'चुलो' हुन्छ । यस भेगमा खाना पकाउन प्रयोग गरिने चुल्होहरू प्राय : एक समानका तीनवटा ढुङ्गाहरूमा माटो पोतेर चुचुरो 'धार' जस्तो चुल्हो बनाई पकाउने ठाउँजस्तो भएकाले 'धारचुला' रहेको पाइन्छ । धारचुला पछि अपभ्रंश भई दार्चुला रहन गएको भन्ने भनाइ एकथरीको रहेको पाइन्छ ।

तीनवटा पहाडका चुचुराहरू एउटा भारतमा र दुइटा पहाड नेपालमा रहेका छन् । यी पहाडका फेदबाट हेर्दा स्थानीय चुल्हो आकारको 'धार' चुचुरो देखिन्छ । प्राचीन कालमा व्यास हिमालबाट व्यास ऋषि तपस्या गरी फर्कदा यी तीन धारहरूको प्रयोग गरी चुल्हो बनाई भात पकाई खाएको हुनाले धार चुला रहन गएको भन्ने अर्को  जनश्रुति रहेको पाइन्छ । दार्चुला जिल्लाको सिमाना चीनको स्वशासित क्षेत्र तिब्बसँग जोडिएको छ । तिब्बतसँग व्यापार गर्ने प्रमुख नाकाका रूपमा व्यास क्षेत्र रहेको छ । व्यासबाट तिब्बत क्षेत्रमा आवतजावत गर्दा एउटा भञ्ज्याङ पार गरी जानुपर्दछ । यस भञ्ज्याङलाई तिब्बती भाषामा 'ला' भनिन्छ । यो भञ्ज्याङ तिब्बतसँग व्यापार गर्ने द्वार (बाटो) भएकाले 'द्वार' र 'ला' मिली दार्चुला नाम रहन गएको भन्ने भनाइ पनि पाइन्छ (जिसस २०७७) ।

दार्चुला जिल्ला नेपालको सुदूरपश्चिमको पश्चिम उत्तरमा अवस्थित हिमाली जिल्ला हो । यस जिल्लाको पूर्वी सिमाना बझाङ, पश्चिमी सिमाना भारत,उत्तर सिमाना चीनको स्वशासित क्षेत्र तिब्बतको ताक्लाकोट र दक्षिण सिमाना बैतडीसँग जोडिएको छ । महाभारतकालीन कवि वेदव्यासको नामबाट जोडिएको व्यास हिमाल दार्चुला जिल्लामा पर्दछ । व्यास ऋषिको नामबाट विगत व्यास गाविस र अहिले व्यास गाउँपालिका नाम राखिएको छ । व्यास ऋषि यस क्षेत्रमा बस्दा महाकाली नदी पूर्व नेपालतर्फको पहाडी डाँडा (धार) पश्चिमतर्फ भारतको पहाडी डाँडा (धार) उत्तरतर्फ हिमाल जोडी चुल्होजस्तै बनावट भएको हुनाले सो समयदेखि 'धार्चुला' भन्न थालिएको हो । नेपाल र भारततर्फ ठूला-ठूला धार परेका डाँडा हालसम्म पनि रहेकाले मानिसहरूले यस किंवदन्तीलाई विश्वास गर्दै आएका छन् । भारतको भूमिलाई आज पनि 'धारचुला' नै भन्ने गरेको पाइन्छ । नेपालतर्फको भूमि धारचुलाबाट अपभ्रंश भई दार्चुला भएको पाइन्छ । समुद्र सतहबाट ५१८ मिटरको उचाइदेखि ७१३२ मिटरको उचाइमा रहेको अपी हिमाल यसै जिल्लामा पर्छ । यस जिल्लाको क्षेत्रफल २३२२ वर्ग कि. मि. रहेको छ । यो नेपालका कुल क्षेत्रफलको १.५८ प्रतिशत हुन आउँछ । सन् २०११ को जनगणनाअनुसार दार्चुला जिल्लाको जनसंख्या १३३२६४ रहेको छ । यो नेपालको कुल जनसंख्याको ०.५ प्रतिशत हुन आउँछ । (के. त. वि, सन् २०१४)

वि.सं. २०६८ को जनगणना अनुसार दार्चुला जिल्लामा बोलिने मातृभाषाको समष्टिगत स्वरूपलाई नै दार्चुलेली भाषा भनिएको पाइन्छ ।  भाषा आयोगको प्रतिवेदन (२०७६/२०७७ ) का अनुसार "नेपालमा राना थारू, नुर्बी (लार्के), नार फु चुम (स्वार), पोइके, सेराके (सेके) , मारेक, थाक्का, नावा शेर्पा गरी थप ८ ओटा भाषाको सङ्ख्या १३१ पुगेको छ ।" वि.सं. २०६८ को जनगणनाले नेपालका १२३ ओटा मातृभाषामध्ये दार्चुलेली भाषालाई सूचीकृत गरेपछि भाषिका नभई भाषाका रूपमा परिचित भइसकेको छ । २०६८ को जनगणनाअनुसार दार्चुलेली मातृभाषी वक्ताको सङ्ख्या ५,९१२ जना रहेको छ ।  दार्चुलेली भाषालाई नेपालको जनगणना २०६८ भन्दा पहिले नेपाली भाषाको भाषिकाका रूपमा मानिएको थियो । भाषा सामाजिक वस्तु हो । भाषाको प्रयोग क्षेत्रका रूपमा समाजलाई लिइन्छ । समाजलाई गतिशील बनाउनको लागि भाषाको आवश्यकता पर्छ । समाजको संरचनाअनुसार भाषिक संरचना निर्माण हुन्छ ।  भाषावैज्ञानिक रोनाल्ड वार्डफका अनुसार "सामाजिक भाषिकाहरू समाजबाट सिर्जना हुन्छन् । समाजको विविधता अनुसार सामाजिक भाषिकामा पनि विविधता हुन्छ" (पौडेल र धामी, पृ. ४१) । समाजमा जात, वर्ग, धर्मअनुसार साँस्कृतिक पक्षमा भिन्नता देखापर्दछ । समाजमा देखिने साँस्कृतिक विभेद भाषासँग सापेक्ष हुन्छ । सामाजिक भाषिका तथा साँस्कृतिक विवधिता नै सामाजिक भेद हुन् (पौडेल र धामी, पृ ४१ ) । भाषिक भेदका सन्दर्भमा लङम्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्सले "सामाजिक भाषिका समाजको सम्पत्ति हो । सामाजिक भाषिकाको वक्ताले समान सामाजिक, आर्थिक र शैक्षिक पृष्ठभूमिका आधारमा भाषिक सम्प्रेषण गर्दछ । समाजमा वर्गअनुसार भाषिका विभाजित हुन्छ" (पौडेल र धामी,२०७५ पृ.४२)। भाषाको एउटा विशिष्ट रूपलाई सामाजिक भाषिक भेदका रूपमा लिइन्छ । समाजमा देखिएका वर्ग, जात, धर्म, जातजाति, लिङ्ग उमेर शिक्षा आदिका आधारमा भाषिक भेद निर्धारण हुन्छ । सामाजिक संरचना, समाजको सामाजिक साँस्कृतिक अवस्था, समाजमा मर्यादाका आधारमा सहभागी वक्ता र स्रोता, सभ्यताका आधार र भौतिक परिवेशका आधारमा भाषिक भेदको जन्म हुन्छ (पौडेल र धामी, २०७५ पृ ४२) । हर्क बहादुर शाहीले अछामी भाषाको अध्ययन शीर्षकको विद्यावारिधिको शोध प्रबन्धमा अछामी भाषाको समाजभाषिक अध्ययन गरेको पाइन्छ । अछामी समाजमा ठकुरी, कथित ठुलो भनिएका जाति, तल्लो भनिएका जातिहरूका बिचमा आदरसूचक शब्दावली, नातागोता, खानपान आदिमा भिन्नता रहेको कुरा उल्लेख गरेका छन् (शाही, २०७०, पृ.३४) ।  दार्चुलेली भाषिक भेदहरूको प्रयोग दार्चुलाबासीहरूले आपसमा भेटघाट हुँदा प्रयोग गर्छन् । भाषाका विविध भेदहरू मध्ये स्वीकार्य भेद मानक रूप हो । "भाषाको मानकीकरण एक प्रक्रिया हो, जसले भाषा रूपको स्तरमा 'विभिन्नतामा एकता' ल्याउने प्रयास गर्दछ" (श्रीवास्तब,सन् २०१० पृ ३३ ) । भाषाको लिखित रूप प्राप्त भएपछि भाषाको एकीकरण र मानकीरण हुने गर्दछ ।  "भाषा वा भाषाहरू कुनै राज्यव्यवस्थाको व्यवहारमा आएपछि भाषा योजनाबारे विचार विर्मश हुन्छ" (बन्धु,२०७३ पृ.२६५) । यसरी २०६८ को जनगणनाबाट दार्चुलेली भाषाले भाषाका रूपमा मान्यता पाएपछि अध्ययन कार्य भइरहेको पाइन्छ । यस भाषाका कालगत, विषयगत, प्रसङ्गत, माध्यमगत भेद हुने भए पनि  यो कार्य दार्चुलेली भाषाका सामाजिक

भेदहरूको अध्ययनमा केन्द्रित रहेको छ । भाषिक प्रयोगका दृष्टिकोणले दार्चुलेली भाषाको सामाजिक भेदहरूको अवस्था कस्तो छ ? दार्चुलेली भाषिक भेदहरू कसरी प्रयोग हुन्छन् ? भन्ने समस्याहरूमा केन्द्रित रही दार्चुलेली भाषाको सामाजिक भेदहरूको उल्लेख गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख तयार गर्ने क्रममा गुणात्मक अनुसन्धान विधि अन्तर्गत स्थलगत अवस्था अध्ययन ढाँचाको प्रयोग गरिएको छ । यस विधि अर्न्तगत अवलोकन र प्रत्यक्ष अर्न्तवार्ता लिई प्राथमिक स्रोतका रूपमा सामग्री सङ्कलन गरिएको छ । भाषिक भेदहरूको अध्ययन र विश्लेषणका लागि द्वितीयक स्रोतका रूपमा रहेका लेख, रचना र भाषिक भेदसँग सम्बन्धित पुस्तकहरूको आधारमा पुस्तकालयीय कार्यको प्रकियामा रही दार्चुलेली भाषिक वक्तामार्फत भाषिक भेदको प्रयोग गर्न लगाई यो अध्ययन गरिएको छ । भाषिक भेदको अध्ययनका लागि देथला, मार्मा, रिठाचौपाता, मालिकार्जुन, धाप, उकु, काणापारी, पस्ती, खलङ्गा क्षेत्रलाई छनोट गरिएको छ । प्रस्तुत अध्ययनमा दार्चुलेली भाषाका विभिन्न उमेर समूह, वर्ग, लिङ्ग, जात, जाति, पेसा, व्यवसायी, शिक्षित, अशिक्षित वक्तामार्फत भाषिक भेदको सत्यापन गरिएको छ । यस कममा दार्चुलेली भाषिक भेदहरूलाई तालिकामा प्रस्तुत गरी नेपाली भाषामा अर्थ प्रस्तुत गरिएको छ ।

## परिणाम र छलफल

दार्चुलेली भाषाका वक्ताहरूको आपसी सम्बन्धगत व्यवहारका आधारमा देखिएको भेदलाई सङ्कलन गरिएको छ । भेटघाट, चाडपर्व, विवाह, घाँसपात, मेलामा जाँदा आउँदाका भाषिक व्यबहारहरूको अवलोकन र शोधपुछ गरी सामग्री सङ्कलन गरिएको हो । दार्चुलेली भाषाका बृद्ध वक्ताहरूसँगको अर्न्तवार्तालाई मुख्य रूपमा लिइएको छ । दार्चुलेली भाषाका वक्ताहरूको आपसी सम्बन्धगत सामीप्यताको आधारमा गरिने भाषाको सामाजिक भेदहरूको अध्ययन निम्नानुसार गरिएको छ ।

### दार्चुलेली भाषाका सामाजिक भेद

भाषा सामाजिक व्यवहार हो । भाषा व्यवहार सम्पादनको एक एकाइ भएकै हुनाले पाइकले भाषालाई मानवीय व्यवहारको एक एकाइका रूपमा हेरेका छन् (गौतम र चौलागाई, २०७०, पृ २०)। मान्छे सामाजिक प्राणी हो । मानव समाजमा व्यवहार गरिने भएकाले भाषा पनि अत्यन्त सामाजिक वस्तु हो । यसबाट भाषा र समाजको पारस्परिक सम्बन्ध स्वतः स्थापित भएको पाइन्छ । समाज र भाषामा पाइने यही सम्बन्धले गर्दा समाजको प्रतिविम्ब भाषामा पनि प्रकट हुन्छ । सामाजिक भाषिका चाँहि समाजका विभिन्न वर्ग, जात, जाति, व्यवसाय, लिङ्ग, उमेर, शिक्षा, बसोवासको स्थिति, शक्ति आदिका आधारमा

विभेदित हुन्छ । भाषाको सामाजिक भेदलाई सामाजिक भाषिका भनिन्छ । क्षेत्रीय भाषिकामा समतलीय विविधता पाइन्छ भने सामाजिक भाषिकामा तहीय विविधता पाइन्छ । क्षेत्रीय भेदमा भाषिक भेदको एउटै तह र दिशा हुन्छ भने सामाजिक भेदमा एउटै भेदभित्र पनि विभिन्न भेदहरू हुन्छन् (अधिकारी, २०५६, पृ.२२) । भाषा सामाजिक व्यवहार सम्पन्न गर्ने पहिलो माध्यम हो । समयगत र स्थानगत कारणले भाषालाई गतिशीलता दिन्छ । कुनै एक क्षेत्रमा बोलिने भाषा अर्को क्षेत्रमा बोलिने त्यही भाषाभन्दा भिन्न हुन्छ । उच्चारण प्रक्रिया, ध्वनि, प्रयुक्त शब्द र अर्थ व्याकरणका विभिन्न पक्ष र तहमा भिन्नता पाइन्छ । मानिसले बिहान उठेदेखि बेलुका सुतुन्जेल गर्ने सबै कार्यहरू व्यवहार भएपनि सामाजिक भिन्नताका कारण तिनीहरूमा केही न केही भिन्नता रहेको हुन्छ (गौतम र चौलागाई, २०७० पृ.२०) ।

कुनै पनि समाजमा बस्ने एउटै भाषिक समुदायका विभिन्न वर्गका व्यक्तिहरूले बोल्ने फरक फरक भाषिक स्वरूपलाई सामाजिक भाषिका भनिन्छ । दार्चुलेली भाषामा पाइने सामाजिक भेद अन्तर्गत उच्च र निम्न, भिन्न भिन्न जातिकै बोली, शिक्षित र अशिक्षितको बोली, निम्न स्तरको पेसा र उच्च स्तर को पेसामा आबद्ध व्यक्तिको बोली, सहरी र ग्रामीण, बाल, युवा, वृद्धको बोली, पुरुष र स्त्रीको बोली आदिलाई लिएर भाषिक भेदलाई उल्लेख गरिएको छ ।

**दार्चुलाको जातिगत जनसङ्ख्याको बनोट**

दार्चुला जिल्लाको जातिगत जनसङ्ख्याको बनोटलाई हेर्दा यो एउटा बहुजातीय समुदाय बसोबास गर्ने बहुजातीय विशेषता भएको जिल्लाको रूपमा रहेको छ । वि. सं. २०६८ को जनगणनाअनुसार दार्चुला जिल्लामा करिब २१ ओटा जातीय समुदायका ब्यक्तिहरूको बसोबास रहेको देखिन्छ । जिल्लाको कुल जनसङ्ख्याको एक प्रतिशत र सोभन्दा बढी जनसङ्ख्याको प्रतिनिधित्व गर्ने जातीय समुदाय ६ ओटा रहेका छन् । जसलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १

*दार्चुला जिल्लाको जातिगत जनसङ्ख्याको बनोट*

| क.सं. | जातीय समुदाय | जनसङ्ख्या (सङ्ख्यामा) | जनसङ्ख्या प्रतिशतमा |
|---|---|---|---|
| १. | क्षेत्री | ८६०२५ | ६४.५५ |
| २. | पहाडी ब्राहमण | २२२६८ | १६.७१ |
| ३. | कामी | ७०२२ | ५.२७ |
| ४. | ठकुरी | ६४५८ | ४.८५ |
| ५. | लोहार | १७१६ | १.२९ |
| ६. | दसनामी सन्यासी | १६६५ | १.२५ |
|  | अन्य | ८१२० | ६०९ |

*स्रोतः के.त.वि, सन् २०१७*

दार्चुला जिल्लाको जातिगत बनोटलाई हेर्दा सबैभन्दा बढी क्षेत्रीहरू रहेका छन् । यो कुल जनसङ्ख्याको ६४.५५ प्रतिशत वा करिब दुई तिहाइ रहेको देखिन्छ । दोस्रोमा पहाडी ब्राहमण १६.७१ प्रतिशत, तेस्रोमा कामी ५.२७ प्रतिशत देखिन्छन् । यसैगरी पाँच प्रतिशतको नजिकमा ठकुरीहरूको

जनसङ्ख्या रहेको छ । त्यसैगरी लोहार र दशनामीहरूको जनसङ्ख्या पनि उल्लेख्य रहेको छ । दार्चुलामा बसोबास गर्ने अन्य जातीय समुदायहरूमा दमाई, ब्यासी, सौका, सार्की, मगर, वादी, तामाङ, थामी, शेर्पा, थारू, नेवार, गुरूङ, पहरी, मुसलमान, राउटे र राई रहेका छन् । तिंकरी (२०७७ पृ.२३) ले आफ्नै मौलिकता, ऐतिहासिकता र साँस्कृतिक महत्त्व बोकेको ब्यासी सौका जाति दार्चुलाको व्यास, राप्ला, सितोलामा बसोबास गर्दै आइरहेको छुट्टै पहिचान बोकेको ४५०० को हाराहारीमा जनसङ्ख्या रहेको कुरा उल्लेख गरेकी छन् । यी जात जातिहरूले आपसी भेटघाट भएका बेला, सामाजिक संस्कार विवाह, ब्रतबन्ध र दैनिक क्रियाकलाप सञ्चालनका लागि दार्चुलेली भाषाको प्रयोग गर्दछन् । दार्चुला जिल्लामा जातीय सद्भाव राम्रो रहेको पाइन्छ । जिल्लालाई भौगोलिक आधारमा पहिला चार भाग ब्याँस, दुहुँ, मार्मा र लेकममा विभाजित गरिएको पाइन्छ ।

### शिक्षाको आधारमा

विद्यालय, महाविद्यालय आदिमा र घरैमा पनि नियमित रूपले अध्ययन गर्ने गराउने वा पढाइको चाँजोपाँजो मिलाउने कामका साथै सिकेर, सुनेर एवम् कुनै पनि प्रकारले समाजका र प्रकृतिद्वारा ग्रहण गरिने सैद्धान्तिक तथा व्यवहारिक विषयको बोधलाई शिक्षा भनिन्छ (ने.बृ.श. २०५५पृ ११८९) । दार्चुला जिल्लाको कुल साक्षर जनसङ्ख्याको करिब दुई तिहाइ (६५.३ प्रतिशत) व्यक्तिहरूले केवल आधारभूत तहको शैक्षिक उपलब्धि प्राप्त गरेको, करिब एक चौथाइ(२४.१ प्रतिशत) ले माध्यमिक तहसम्म, उच्च तहको शैक्षिक उपलब्धि २ प्रतिशतले प्राप्त गरेको  छन् (जोशी, २०७७, पृ.९) । कुनै पनि समाज शिक्षाका आधारमा शिक्षित अशिक्षित गरी दुई भागमा विभाजित भएको हुन्छ । यस आधारमा दार्चुलेली भाषाको भेदलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

तालिका २

*शिक्षित र अशिक्षितका आधारमा सामाजिक भेद*

| क्र.सं. | अशिक्षित वर्ग | शिक्षित वर्ग | नेपाली |
|---|---|---|---|
| १ | गेदा न्याराइ छन् । | गेदा निकाइ छन् । | बच्चा राम्रै छन् । |
| २ | काँ हइ आयो हैब्ला ? | काँ बठे आयो हइ ? | कताबाट आएको हो ? |
| ३ | मेरो झोला बडिया छ । | मेरी झोला निकी छ । | मेरो झोला राम्रो छ । |
| ४ | बेलि ब्यानल आया उ त ? | बेलि परभात आया त ? | हिजो बिहान आउनु भयो कि ? |

यसरी दार्चुलेली भाषामा निको, न्यारी, ब्यानल, परभात, बडिया,वासा, ब्याल जस्ता शब्दहरूको भाषिक प्रयोगले वाक्यगत तहमा प्रयुक्त हुँदा शिक्षित र अशिक्षितका विचको विभेद सिर्जना गरेको पाइन्छ ।

### वर्गीयताका आधारमा

सामाजिक भेदको पहिचान दूरी, प्रतिष्ठाको क्रम (उच्च र निम्न) ओहदाका आधारमा गर्न सकिन्छ (भण्डारी २०६५ पृ. ३२) । सामाजिक भाषिका निर्धारणमा कसले, कोसँग बोलिरहेको छ भन्ने कुराले भूमिका खेलेको हुन्छ । उच्च र निम्न वर्गका मानिसहरूका बिचमा निम्नानुसारको विभेद रहेको हुन्छ :

तालिका ३

*उच्च र निम्न वर्गका आधारमा सामाजिक भेद*

| क्र.सं. | उच्च(ठकुरी) | अन्य ठुला मानिएका जाति | तल्लो मानिएका जाति | नेपालीमा |
|---|---|---|---|---|
| १ | ज्युनार गरिस्यो कि ? | भोजन गरिबक्सियो कि ? | खानाकि खाया हउ कि ? | खाना खानु भयो कि ? |
| २ | गुरु, कब आइस्यो ? | राजन, कब सवारि भै ? | गुँसाइ, कब आया हउ ? | कहिले आउनु भएको हो ? |
| ३ | गुरु सुत्स्यो । | राजन सुत । | सिया हाँ । | सुत्नुहोस् । |
| ४ | मुमा घर गइस्यो । | इजा घर गर गया । | इजा घर गइ । | आमा घर गए । |

तालिका ४

*दार्चुलेली भाषामा जातअनुसार शब्दावलीहरू प्रयोग*

| क्र.सं. | ठकुरी | ठुला मानिएका जाति | तल्लो मानिएका जाति |
|---|---|---|---|
| १ | काक्ज्यु | काका | का |
| २ | मुमा | इजा | ज्या |
| ३ | दिज्जु | दिदी | दि |
| ४ | कान्ज्या | कन्सि | काकि |
| ५ | मइया | चेली | परघरी |
| ६ | दाज्यु | दाइ | दादा |

यसमा ठकुरीहरूले उच्च आदरार्थी शब्दहरू प्रयोग गरेको पाइन्छ । प्राचीन राजाकूल परम्परा अनुसार बोलिने शिष्ट भाषिक प्रयोग भएको पाइन्छ । यसमा ज्युनार गरिस्यो, चलाई हो, सवारि होस्, आइस्यो जस्ता शब्दहरू ठकुरीले प्रयोग गर्दछन् भने अन्य जातिकाले स्वस्ति राजा भनी अभिवादन गर्दछन् । ठकुरीले ब्राहमण जातिकालाई पउलागि भनी ढोग गर्दछन् ।  आदरसूचक सवारी, भोजन जस्ता शब्दहरूको प्रयोग गर्दछन् भने तल्लो मानिएका जातिले गुसाँइ, विडज्यु, बामनज्यु, कब आया जस्ता मध्यम आदरार्थीको प्रयोग गरी भाषिक व्यवहार गर्दछन् ।

### उमेरका आधारमा

जन्मदेखि वर्तमान अवस्थासम्मको समय (डो.बृ.श.२०५८, पृ ६५) लाई उमेर भनिन्छ । उमेरको आधारमा मानिसको जीवनका बाल्यावस्था, युवावस्था, वयस्क र वृद्धावस्थाजस्ता अवस्था हुन्छन् । उमेर अनुसार मानिसले बोल्ने भाषा पनि फरक हुन्छ । दार्चुलेली भाषामा उमेर अनुसार बोल्ने भाषालाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका ५

*उमेरका आधारमा*

| क्र.सं. | बाल्य अवस्था | युवा तथा वृद्ध अवस्था | नेपालीमा अर्थ |
|---|---|---|---|
| १ | पाप्पा खानउ । | रोटा खानउ । | रोटी खान्छु । |
| २ | मा चिचि खानउ । | इजा सिकार खानउ । | आमा मासु खान्छु । |
| ३ | कु:कु फुल्लाछ । | फूल फूल्लाउ । | फूल फुल्दैछ । |
| ४ | अप्पल लगाउ । | चप्पल लगाउ । | चप्पल लगाउँछु । |

यसरी बाल्य अवस्थाका रूपमा ६ वर्षमुनिका बालबालिकाका बालबोलीलाई हेर्दा पाप्पा, चिचि, कु:कु, मानि, र अन्यले क्रमशः रोटा, सिकार, फूल, पानी भनेर नै भाषिक सम्पादन गरेको पाइन्छ ।

**लिङ्गका आधारमा**

स्त्री र पुरुष छुट्टयाउने  शरीरको चिह्नलाई भनिन्छ (ने.वृ.श. २०५५:१११२) । लिङ्ग मूलत : नामसँग सम्बन्धित व्याकरणात्मक कोटि हो । लिङ्गलाई शब्दिक, व्युत्पादनात्मक र वाक्यात्मक स्थितिमा देखाउन सकिन्छ । यस आधारमा लिङ्गलाई पुलिङ्ग र स्त्रीलिङ्गका रुपमा दार्चुलेली भाषामा प्रयोग हुने पृथकतलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका ६

*लिङ्गा आधारमा भाषिक भेद*

| क्र.सं. | बउस्या | पुतारा | नेपालीमा अर्थ |
|---|---|---|---|
| १ | उ माणउ झान लाछ । | उ माणउ झान लाछी । | ऊ मन्दिर जादै छ । |
| २ | उ बजार झानउ  भुण्णा थ्यो । | उ बजार झानउ भुण्णा थि । | ऊ बजार जाने भन्दै थियो/थिइ । |
| ३ | उ छाइ बनौन लाथ्यो । | उ छाऊ बनौन लाथि । | ऊ मही पार्दै थियो/थिइ । |
| ४ | बउस्या जात्रा पिस्लाऱ्यान् । | पुतारिन जात्रा पिस्सु लाऱ्यान् । | लोग्ने जाँतोपिस्दै छन्/ आइमाई जाँता पिस्दैछिन् । |
| ५ | ओः बा मुइ कसो भयउँ ? | ओः बा मुइ कसि भयउँ ? | बुवा म कसो भए ?<br>बुवा म कस्ती भए ? |
| ६ | उ सन्तराज लउन्छ । | उ झकुलो लउन्छि । | ऊ लुगा लगाउँछ ।<br>ऊ लुगा लगाउँछे । |

दार्चुलेली भाषामा पुरूषलाई बउस्या र आइमाईलाई पुतारी नामले चिनाउँछ । पुरूष र महिलालाई क्रमशः कसो, कसि विशेषण पद, सन्तराज, झकुलो नामपद, भुण्णा थ्यो, भुण्णा थि, लाछ, लाछि क्रियापदहरूको प्रयोगका साथै तृतीय पुरुषको लिङ्ग भेद दार्चुलेली भाषामा रहेको पाइन्छ ।

**लोग्ने र स्वास्नीको सम्बन्धगत आधारमा**

दार्चुलेली भाषामा लोग्ने र स्वास्नीका बिचमा भाषिक सम्बन्ध कायम रहेको पाइन्छ । लोग्ने र स्वास्नीका बिचमा हुने अभिवादन, भाषिक सम्बोधन फरक किसिमको हुन्छ । लोग्नेले स्वास्नीलाई बोलाउँदा जेठो छोरा वा छोरीको नाम पारी जस्तै ओ सफला बुबा, ए सफलकि इजा भनेर बोलाउने गरेको पाइन्छ । लोग्नेले स्वास्नीलाई नाम पारेर पनि बोलाउने गरेको पाइन्छ । लोग्नेको नाम स्वास्नीले पुकारेर बोलायो भने लोग्नेको आयु घट्ने विश्वास रहेकोले लोग्नेको नाम उच्चारण गर्दैनन् । स्वास्नीले बोलाउँदा जेठो चेलो वा चेलीका नामबाट बोलाउने गर्दछन् ।

तालिका ७

*लोग्ने र स्वास्नीबिचको भाषिक सम्बन्ध*

| क.सं. | बउस्या | लोग्ने(नेपाली) | पुतारी | स्वास्नी(नेपाली) |
|---|---|---|---|---|
| १ | ए, काले कि इजा का झाने हइ बलि ? | ए,कालेकी आमा कता जाँदै हो ? | ओ, काल्या बा काँ झान्या हउ बला ? | कालेका बुबा कता जाँदै हुनुहुन्छ ? |
| २ | राजुकि इजा का गइ ? | राजुकी आमा कता गय ? | राजुका बुबा काँ गयाँबला ? | राजुका बुबा कता गए ? |
| ३ | ए याँ आइत । | यता आऊ । | या आउनाब । | यता आउनुहोस् । |

दार्चुलेली भाषामा लोग्नेले स्वास्नीको नाम पारेर बोलाउँछन् । स्वास्नीको अलग्गै नाम राखेर र जेठो सन्तानको नामबाट पनि बोलाउने गर्दछन् । स्वास्नीले जेठो सन्तानको नामबाट श्रीमान्लाई बोलाउँने गर्दछन् । लोग्नेको नाम पारेर बोलाएमा आयु  घट्छ भन्ने मान्यता रही आएको छ । लोग्नेको नाम कहिल्यै उच्चारण गर्दैनन् ।

**तल्लो र माथिल्लो नाताबिचको सम्बन्ध**

जेठो, मान्यजन, नाता र सामाजिक सम्बन्धका आधारमा आदर गनुपर्ने हुन्छ । आदर पाउने व्यक्ति माथिल्लो जेठो नाता पर्ने हो भने आदर दिने व्यक्ति कान्छो नातापर्ने मानिन्छ । दार्चुलेलो समाजमा जेठो र कान्छोको मर्यादा अनुरूप भाषिक व्यवहार सम्पादन हुने गर्दछ । यस क्रममा सम्बोधन, आदर र सार्वजनिक पदहरूमा नाता सम्बन्धको भाषिक प्रयोग अभिव्यक्तिका सन्दर्भमा निम्नानुसार हुने गरेको पाइन्छ :

तालिका ८

*तल्लो माथिल्लो नातासम्बन्धका आधारमा सामाजिक भेद*

| क्र.सं. | सानाले ठुलालाई | नेपालीमा | ठुलाले सानालाई | नेपालीमा |
|---|---|---|---|---|
| १ | ओ दा । | ओ दाइ । | ए बुना । | ए, भाइ । |
| २ | ओ दि । | ओ दिदी । | ए बुनि । | ए बहिनी । |
| ३ | तम आजइ झान्या हउ ? | तपाइ आजै गइ हाल्नुहुन्छ ? | तइ आजइ नसि झान्या हइ ? | तिमी आजै जाने हो ? |

दार्चुलेली भाषामा सानाले ठुलालाई सम्बोधन गर्दा आदर गरेर बोल्ने गरेको पाइन्छ । कान्छालाई बोलाउँदा ए, एइ, इ भनेर बोलाउने गरेको पाइन्छ भने जेठो नाता पर्नेलाई बोलाउँदा 'तम','ओ' शब्दको सम्बोधन गरी बोलाउने गरेको पाइन्छ । दार्चुलेली भाषमा 'ए', 'एइ', 'ओ', 'तम' आदिको सामाजिक भेद रहेको स्पष्ट हुन्छ ।

### तल्लो जाति र माथिल्लो जातिका बिचको भाषिक सम्बन्ध

समाजमा विविधता हुन्छ । प्रत्येक समाजमा विभिन्न जात, जातिका मानिसहरू बसोवास गर्दछन् । दार्चुला जिल्ला पनि विभिन्न जात जातिले बसोवास गरेको जिल्ला हो । यहाँ बसोवास गर्ने जातजातिले परम्परा देखि नै कथित मल्लो र तल्लो जातिका विचमा भाषिक व्यवहार सम्पादन गरेको पाइन्छ । यो भाषिक सम्बन्धगत परिवेशलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ९

*तल्लो र माथिल्लो जातिबिचको भाषिक सम्बन्ध*

| क.सं. | तल्लो जातिकाले माथिल्ला जातिसँग | नेपालीमा | माथिल्लो जातिकाले तल्लो जातिकासँग | नेपालीमा |
|---|---|---|---|---|
| १. | हजुर काँहइ चलाइ भइ ? | तपाइँ कहाँबाट आउनुभयो ? | तइँ काँहइ आएबला ? | तँ कहाँबाट आइस् ? |
| २. | बामन ज्यु निका छउ त ? | गुरूआमा सञ्चै हुनुहुन्छ ? | तेरा गेदामेदा निका छन् त ? | तिम्रा केटाकेटी राम्रा छन् ? |
| ३. | तेरो नउ कालो होतला ? | तिम्रो नाम कालो हो ? | तमरो नउ कालो हो त ? | तपाइँको नाम कालो हो ? |
| ४. | तम घर चलाइ गर । | तपाइँ घर जानुहोस् ? | तइँ घर भ्रा । | तिमी घर जाऊ ? |
| ५. | हजुर कि ज्युनार गदया हउ ? | तपाइँ के खानु हुने हो ? | तइँ के खान्या हइबला ? | तिमी के खाने हो ? |

दार्चुलेली भाषिक समुदायमा विविध जात जातिको बसोवास रहेको छ । परम्परागत मूल्य मान्यताअनुरुप, समाजमा विकसित सस्कारअनुसार भाषिक व्यवहार सम्पादन हुने गरेको पाइन्छ । मुख्यतया ठकुरी, अन्य जाति र कथित तल्लो जातिकाबिचको सामाजिक भाषिक भेद रहेको देखिन्छ । कथित तल्लो जातिकालाई सम्बोधन गर्दा भलाकुसारी गर्दा तेरो नउ काल्या हो त ? तइ कि खान्या हइबला ? तेरा गेदा कति छन् ? तमुन कि गद्दु लाछौ ? आदि मल्लो जातिकाले तल्लो जातिकालाई प्रयोग गर्दछन् भने तल्लो जातिकाले बिचका बामनज्यु निका छउ त ? गोसिराठ कसा छन् ? धिनालि के इ छ कि ? जस्ता सामाजिक भाषिक भेदको प्रयोग भएको पाइन्छ । आदरका दृष्टिले सामाजिक भेदको पहिचान गर्दा तीन तहमा तइ, तम, हजुरको प्रयोग भएको पाइन्छ । त्यसैगरी राठ जनाउँने बहुवचनवोधक सर्गको समेत प्रयोग भई भाषिक ब्यबहार भएको पाइन्छ ।

### मान्छे र देवी देवताबिचको भाषिक सम्बन्ध

दार्चुलामा मालिकार्जुन, लटिनाथ, गलैनाथ, हुनैनाथ, कैलपाल, बालिचन, छिपला, भगवती, मष्टो, गैर आमा, आदि देवी देवतालाई रक्षकको रुपमा मान्दछन् (पन्त,२०६७ पृ १८० १८२) । यी देवस्थलहरू

शक्तिपीठका रूपमा रहेका छन् । परम्परादेखि नै पूजापाठ गर्ने, श्रद्धा विश्वास र आस्था राख्ने प्रचलन रहेको छ । पिजास, पिजासिनीको पनि पूजा गरिन्छ । प्रेतात्माले देवी देवताको रूप लिएमा पिजास पिजासिनी हुने जनविश्वास रहेको छ । प्रत्येक देवताका धामीहरू हुने गर्दछन् । धामीले शरीरमा कम्पन लिएर बोलेपछि भक्तको मनको कुरा जान्ने, आइपरेको सङ्कट हटाइदिन्छन् भन्ने जनविश्वास आमसमुदायमा रहेको छ । धामीलाई सामान्य रूपमा नलिई देवी देवताकै रूपमा लिने गर्दछन् । मान्छेले देवतासँग गर्ने कुरालाई बिन्ति भन्दछन् । देवताले भाका राखेर दया, माया गरेर 'बाँची' दिने कुरामा विश्वास रहेको पाइन्छ । धामी र मान्छेका बिचको वार्तालापलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

तालिका १०

*मान्छे र धामीबिचको भाषिक सम्बन्ध*

| **क्र. सं.** | **मानिसले देवता (धामी) सँग बोल्दा** | **नेपालीमा** | **देवता (धामी) ले मानिससँग बोल्दा** | **नेपाली** |
|---|---|---|---|---|
| १ | हे ! परमेश्वर नारायण मेरी तण्णि वितण्णि धेकिहाल | महाराज ! मेरो विचल्ली हेरी दिनुहोस् । | छतर तेरा सुरमा हाण्यो काण, तेरा घरकि झिणाइन, मिणाइन काटिदिउलो । | ठकुरी, तिम्रो घरमा परेको आपत् विपत् सबै हटाइ दिउँला । |
| २ | महाराज ! कोला पुरइनो गइलो जन गरइ । | महाराज ! कमजोरलाई मात्र देख्नुहुन्छ ? | साङा कान हाल्या हुँ, बलिया दान्या हुँ । | मेरा लागि सबै बराबर हुन् । बलियो ठिक ठाउँमा राख्न सक्छु । |

दार्चुला जिल्ला देवी देवताहरूको पवित्र, धार्मिक स्थल हो । बाहुनलाई ताकला, ठकुरीलाई छतर, विचल्लीलाई तण्णी वितण्णी, भैंसीलाई सुर, सबै मेरा लागि समान हुन्, न्याय गर्छु, अन्याय गर्दैन भनी विणामा बसेका बेला धामी, झाक्रीले बोलेर अक्षता निधारमा लगाएर प्रसाद दिने गर्दछन् । यस जिल्लाको अधिकांश भाग कैलाश मानसरोबर जाने बाटोमा पर्दछ । मालिकार्जुन देवताको शिखर स्थान, सुरमा सरोबर, हंसेस्वर प्रमुख तीर्थका रूपमा चिनिन्छन् । यस जिल्लाको मालिकार्जुन गाउँपालिकाको वडा नं. ७ उकुमा रहेको अभय पालद्वारा निर्मित तेह्रौं शताब्दीको दरबारको भग्नावशेष, मार्माको मकरीकोट, दुहुँको दाम्दाकोट भग्नावशेष ऐतिहासिक एबम् पुरातात्विक महत्त्वका रहेका छन् ।

**दार्चुलेली भाषामा प्रयोग हुने देवभाषाका केही शब्दहरू**

| | | |
|---|---|---|
| चिचो | - | खसी, बाखो |
| चिरकिट्टा, नेजा | - | कपडा,धाजा, |
| पपली | - | भोकर |
| कुलौत पार | - | नदी पार |

| | | |
|---|---|---|
| नन्दी पार | - | नदी पारी |
| डेवरिया | - | भालु |
| सिमा समाउनु | - | रक्षा गर्नु |
| सिउनालि | - | गाउँवासी स्त्री |
| झाल,छतर | - | ठकुरी |
| उनघोरे | - | सुगर |
| ताकलो | - | बाह्रमण |
| डल्ली | - | माटी, जमिन |
| चिमडा मुखा | - | बादर |
| ठिङरी | - | काम्ने धामी |
| भरणीय | - | धरलजाडो |
| जिब्या | - | वोली |
| बरतारा | - | उपासक |
| पतरया | - | धामी |
| काला कैला गुण्नल | - | सरसिउ मास |
| किडो | - | भूत प्रेत |
| सोपरन | - | सुन |
| जैकना जगउनु | - | बाता बाल्नु |
| औराद | - | रातभरी जागरम बस्नु |
| निर | - | पानी |
| पगडीया | - | मुख्य मान्छे |
| पख्खदिन | - | वर्ष दिन |
| काला कुरा | | मास |

*(दुँहुँ दर्पण २०७५,पृ. ४)*

**धार्मिक तथा साँस्कृतिक लोकजीवन**

नेपालको संविधान २०६५ ले नेपाल राज्यलाई धर्म निरपेक्ष राज्यका रुपमा घोषणा गरेको भए पनि हिन्दू संस्कृति र सभ्यताप्रति नेपालीहरूको ठुलो आस्था र विश्वास रहेको पाइन्छ । धर्म र संस्कृतिको हिसाबले दार्चुला हिन्दू र संस्कृतिप्रति आस्थावान जिल्ला हो । यो जिल्ला हिन्दूहरूको बाहुल्य भएको जिल्ला हो । यस जिल्लामा हिन्दू धर्म संस्कृतिसँग सम्बन्धित गौरवागाथा बोकेका महत्वपूर्ण धार्मिक, साँस्कृतिक स्थलहरू रहेका छन् । सातौं धामको रुपमा स्थापित मालिकार्जुन, लटिनाथ, हुनैनाथ, गलैनाथ गल्लेकेदार, बालिचन, कैलपाल, सङ्ले, हटैनाथ, वीरबेताल, डाँडाबाग, छिप्ला, दुर्गा, भगवती, नौगडे, तमभेली, रतौडे, कठगडे, मष्टो देवता, औडिवान, डुङरे, बन्डोली रनेवास, रनेवास औतालेक, रनेवास लिमा, रनेवास गोगना, गैर रनेवास पस्ती, पातल रनेवास आगर, मसिना अम्तोली, ब्रह्मकेदार दुँहुँ आदि यहाँका प्राचीन ऐतिहासिक तथा साँस्कृतिक महत्वले भरिएका गौरवगाथा बोकेका प्रसिद्ध धार्मिक

शक्तिपीठहरू हुन् । यी धार्मिक स्थलहरूमा जिल्ला भित्र र बाहिरका विशेष गरी कञ्चनपुर, कैलाली, डोटी, डडेल्धुरा, बैतडी र भारतबाट समेत हजारौंको सङ्ख्यामा श्रद्धालु भक्तजनहरूको घुँइचो लाग्ने गर्दछ ।

दार्चुला जिल्लामा विभिन्न किसिमका मेला, जातहरू मनाइने गर्छन् । यहाँ मनाइने मेलाको सम्बन्ध धार्मिक मूल्य, मान्यता र आस्थाहरूसँग जोडिएको पाइन्छ । यस जिल्लामा मनाइने प्रमुख पर्वहरूमा गौरा, शिवरात्री, कृष्ण जन्माष्टमी कुशे औंसी, जनै पूर्णिमा, माघे त्यार, दसैं, दीपावली, विसु, पुसे पन्ध्र आदि पर्दछन् । यस बाहेक गौराको समयमा खेडी, धोडी, लमधोडी जस्ता मेलाहरू लाग्ने गर्दछन् । कार्तिक भाइटिकाका दिन बन्नोली जात, अष्टमीका दिन हुनैनाथ जात, देथलीमा हुने एकादशी जात, कार्तिक शुक्ल त्रयोदशीका दिन शैल्यशिखर जात, कार्तिक शुक्ल चर्तुदशीका दिन हुने मालिकार्जुन मड जात, पूर्णिमाका दिन गलैनाथ, हुनैनाथको जात महत्त्वपूर्ण हुन् । दार्चुलाका मालिकार्जुन, लटिनाथ, हुनै नाथ, गलैनाथ, व्यासऋषि, आश्रम, लिपुलेक, तपोवन, तातोपानी, नमस्कार, डुँगरे, श्रीमहल, देवल क्षेत्र गोकुलेश्वर शिवधाम आदि धार्मिक र साँस्कृतिक प्रसिद्ध स्थलहरू हुन् ।

## निष्कर्ष

भाषाका सामाजिक भेद विभिन्न आधारमा देखिन्छन् । सामाजिक भेद पहिचानका मुख्य आधारका रूपमा सामाजिक संरचना, सामाजिक साँस्कृतिक अवस्था आदिलाई लिइन्छ । समाजमा विभिन्न जात, जाति, वर्ग, पेसाका समुदायहरूको बसोवास हुन्छ । तिनीहरू पेसा, वर्ग र व्यवसायअनुसारको भाषिक व्यवहार गर्छन् । मान्छेका भाषिक व्यवहारमा पाइने भिन्नतालाई सामाजिक भाषा भनिन्छ । दार्चुलेली समाजमा पनि जात, जाति, पेसा र वर्गको विभिन्नता रहेको पाइन्छ । दार्चुलेली भाषा कथ्य रूपमा मात्र सिमित रहेको छ । आपसी भेटघाट हुँदा, स्थानीय स्तरमा भाषिक कार्य सम्पादन गर्दा मौखिक रुपमा मात्र प्रयोग हुने गरेको पाइन्छ । हाल सञ्चार क्षेत्रको विकासले केही एफ.एमहरूले दार्चुलेली भाषामा समाचार सम्प्रेषण गरेको पाइन्छ । दार्चुलेली भाषाको खोज, अनुसन्धान गरी लिपिबद्ध बनाई विकसित समृद्ध भाषाका रूपमा अगाडि बढाउनु पर्ने देखिन्छ । दार्चुलेली भाषा दार्चुलाबासीहरूको बोल्ने मातृभाषा हो । आपसी भेटघाटका साथै दैनिक व्यवहार सञ्चालनका निमित्त प्रयोगमा आउने भाषा हो । वि.सं.२०६८ को जनगणना पूर्व बालकृष्ण पोखरेलको अध्ययनअनुसार दार्चुलेली भाषालाई नेपाली भाषाको परपश्चिमा भाषिक भेदका रूपमा परिभाषित गरेको पाइन्छ । वि.सं.२०६८ को जनगणनाले  दार्चुलेली भाषालाई भाषाको मान्यता दिएको पाइन्छ । २०६८ को जनगणनाअनुसार ०.३१ प्रतिशत मातृभाषी वक्ता रहेको दार्चुलेली भाषामा भर्खरै मात्र छिटफुट लेखनको कार्य थालनी भएको पाइन्छ । भाषाभन्दा सानो र व्यक्तिबोलीभन्दा ठुलो भाषाका रूपलाई भाषिक भेद भनिएको छ । भाषामा स्थान जात, वर्ग, धर्म, लिङ्ग वा भौगोलिक कारणले देखिने भेदलाई सामाजिक भेदका रूपमा लिइएको छ । भाषामा देखिने सामाजिक भेदलाई स्वाभाविक प्रकियाका रूपमा लिनुपर्दछ । माथिको सैद्धान्तिक पृष्ठभूमिका आधारमा दार्चुलेली भाषाका भेदहरूको अध्ययन गर्ने कार्य

यस लेखमा गरिएको छ । भाषाको सामाजिक भेदअर्न्तगत पर्ने जात, वर्ग, धर्म, लिङ्ग, उमेरका आधारमा दार्चुलेली भाषाका सामाजिक भेदहरूको उल्लेख गरिएको छ । यसमा शिक्षित, अशिक्षित, उच्च वर्ग (ठकुरी), अन्य ठुला मानिएका जातिको भाषिक व्यवहारमा भिन्नता पाइएको छ । बालबालिको भाषा र युवा, प्रौढहरूको भाषामा फरकपन रहेको छ । लोग्ने, स्वास्नीले सम्बोधन गर्दा, एक अर्कालाई बोलाउने क्रममा पनि आदरको तहमा पृथकता रहेको पाइन्छ । तल्लो जात र माथिल्लो जात, मान्छे र देवी देवताका विचको भाषिक सम्बन्धगत प्रयोगलाई केलाउँदै अध्ययन गरिएको छ । तल्लो जातिकाले माथिल्लो जातिकासँग भाषिक व्यबहार गर्दा आदर सूचक, सम्मान जनाउने बामनज्यू, गुँसाइ, गोसीराठ, चलाइ, सवारी जस्ता शब्दको प्रयोग गरेको पाइन्छ । माथिल्लो जातिकाले तल्लो जातिकालाई एइ, उइ र नाम पारेर बोलाउने गरेको पाइन्छ । शिक्षित व्यक्तिले सभ्य र शिष्ट भाषाको शैलीमा मर्यादित तरिकाले काहइ आयो हइ ? भनेर बोलेको पाइन्छ भने अनपढले ठाडो बोली जस्तैः काहइ आयो हइब्ला ? भनी कथ्य रूपमा अभिव्यक्तिको तहमा वाक्यगत भाषिक लबजमा भिन्नता रहेको पाइन्छ । दार्चुलेली भाषामा बउस्या शब्दले पुरूष र पुतारा शब्दले महिलालाई जनाउँछ । लिङ्गका आधारमा तृतीय पुरूषको भेद रहेको पाइन्छ । बहुबचन जनाउन तमुन, हमुन, गोसीराठ भएर न र राठ सर्गको प्रयोग भएको पाइन्छ । स्वास्नीले लोग्नेको नाम पारेर बोलाउँदैनन् । लोग्नेको नाम पारेर बोलाउँदा आयु घट्छ भन्ने मान्यता रहेको छ । यसले लोग्नेप्रतिको आदर, सम्मान र हार्दिक भावना प्रस्तुत गरेको छ । दार्चुला जिल्ला मठ मन्दिरहरू भएको जिल्ला हो  अप्ठयारो परेको बेला धामीलाई बिणामा राखेर सङ्कट मुक्त गरिदेऊ भनी विन्ति गर्ने प्रचलन रहेको छ । धामी र मान्छेका बिचमा यस समयमा भाषिक व्यवहार हुँदा धामीले सिउनाली, झोपो, चिचो, सोपरन, ताकलो आदि शब्दहरूको प्रयोग गरेको पाइन्छ । सामान्य बोलीमा सिउनालीले गाउँकी आइमाई, झोपोले घर, चिचोले बाखाको पाठो, सोपरनले सुन, ताकलोले ब्राहमणलाई बुझाउँछ । मान्छेले बोल्ने सामान्य जनबोलीको भाषाभन्दा भिन्न बोली धामीको रहेको पाइन्छ । देवी देवता प्रति अत्यधिक विश्वास र श्रद्धा रहेको पाइन्छ । दार्चुलेली भाषालाई समृद्ध पार्नका लागि दार्चुलेली भाषाको व्याकरण, दार्चुलेली भाषाका कोटिकरहरूको अध्ययन, दार्चुलेली भाषाको शब्दकोशीय अध्ययन, दार्चुलेली भाषा भाषिकाको शब्दबर्गगत अध्ययन, दार्चुलेली भाषाको अध्ययन जस्ता शीर्षकमा खोज अनुसन्धानलाई अगाडि बढाउनु पर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू

अधिकारी, सूर्यमणि (२०५६), नेपाली भाषाको इतिहास, काठमाडौंः भुँडीपुराण प्रकाशन ।

गौतम, देवीप्रसाद र चौलागाई प्रेमप्रसाद (२०७०), भाषाविज्ञान, घन्टाघरः पाठयसामग्री पसल ।

चटौत, आर.डि.प्रभास (२०५८), डोट्याली बृहत् शब्दकोश, काठमाडौंः बेलु विश्व प्रतिष्ठान ।

जिल्ला समन्वय समिति (२०७७), दार्चुला जिल्लाको परिचय : darchula.gov.np.

जोशी, महेन्द्रराज (२०७७), दार्चुला जिल्लाको जनसांख्किीय र सामाजिक आर्थिक अवस्था, कैलालीः मालिकार्जुन दार्चुला सेवा समिति ।

तिंकरी, यशोदा (२०७७), व्यासी सौका जातिको उत्पत्ति र इतिहास, कैलालीः मालिकार्जुन दार्चुला सेवा समिति ।

पन्त, दयाकृष्ण (२०६७), दार्चुलाको इतिहास, कञ्चनपुरः श्रीवेङ्कटेश अफसेट प्रेस ।

पौडेल र धामी (२०७५), सामाजिक र मनोभाषाविज्ञान. कीर्तिपुरः इन्टेलेक्चुअल्ज् बुक प्यालेस ।

बन्धु, चूडामणि (२०७३), भाषाविज्ञान, ललितपुरः साझा प्रकाशन ।

भट्ट, काशीनाथ (२०७६), दुँहुँ दर्पण, दार्चुलाः लटिनाथ छापाखाना एण्ड अपसेट प्रेस ।

भण्डारी, पारसमणि (२०६५), सामाजिक तथा मनोभाषाविज्ञान, काठमडौँः विद्यार्थी पुस्तक भण्डार ।

भाषा आयोग (२०७७), भाषा आयोगको वार्षिक प्रतिवेदन (चौथो), काठमडौँः भाषा आयोग ।

ने. प्र. प्रतिष्ठान (२०५५), नेपाली बृहत शब्दकोश, काठमाडौंः प्रज्ञा छापाखाना ।

शाही, हर्कबहादुर (२०७०), अछामी भाषाको अध्ययन, दाङ्ः नेपाल संस्कृत विश्वविद्यालय ।

श्रीवास्तव, रवीन्द्रनाथ (२०१०), अनुप्रयुक्त भाषाविज्ञान सिद्धान्त और प्रयोग, दिल्लीः वि.के. आँफसेट ।

Central Bureau of Statistics (CBS) (2014). *Population monograph of Nepal, Vol. I.* Kathmandu: Author.

Central Burrau of Statistics (CBS) (2017). *District profile of Darchula district.* Kathmandu: Author.https:\\ ekantipur.com.> news2020 \ 11 \ 26